# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०।१०।१०

भाग-१

पथरी शनिश्चरे नगरपालिका

**ऐनको नामः** पथरी शनिश्चरे नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः२०८०।१०।०५

प्रमाणीकरण मितिः २०८०।१०।१०

२०८०/१०/१०

# पथरी शनिश्चरे नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०

**प्रस्तावना:** निजी तथा गैर सरकारी क्षेत्र सँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्व-साधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले पथरी शनिश्चरे नगरपालिकाले यो ऐन बनाएको छ। नेपालको संविधानको धारा २२६ मा उल्लेख भए अनुसार नगरसभाले अनुसूची ८ बमोजिमको सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था गरेको र उक्त सूचिमा "स्थानीय स्तरको विकास योजना र परियोजनाहरु" को अधिकार समावेश गरिएको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)बमोजिम नगरसभाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकारको प्रयोग गरी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ**: (१) यस ऐनको नाम पथरी शनिश्चरे नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगरसभाले पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

(३) यो ऐन पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. **परिभाषा**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) " नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस ऐनको दफा ३ बमोजिम नगरपालिका सँग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनुपर्छ।

(ग) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ।

CamScanner

(घ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैर-सरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनुपर्छ।

(ङ) "स्थानीय सरकार" भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई सम्झनु पर्छ।

(च) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम पथरी शनिश्चरे नगरपालिकाले प्रस्तावकसँग गरेको सार्वजनिक निजी साझेदारी सम्झौता सम्झनु पर्छ।

(छ) "साझेदारी" भन्नाले सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप कुनैपनि कार्यक्रमको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस नगरपालिका र साझेदार बीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ।

(ज) "साझेदार"भन्नाले यस नगरपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्नका लागिदफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावकसम्झनुपर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "नगरसभा" भन्नाले नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनुपर्दछ।

## परिच्छेद २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

३. **साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:** (क) यस नगरपालिकासँग मिलेर अल्पकालिन तथा दिर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ख) यस ऐन बमोजिम संचालनहुने कार्यक्रम नगरवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनु पर्नेछ।

(ग) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानवस्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने।

CamScanner

(घ) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने ।

(ङ) वृहत पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।

(च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

(छ) साझेदारीमा संचालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस नगरपालिकाले बनाएको *"पथरी शनिश्चरे नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधी, २०७९"* बमोजिम हुँनेछ ।

**४. साझेदारीमा संचालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनु पर्नेछ ।**

(क) साझेदारले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजनातथाकार्यक्रमको कार्यान्वयनअवधिस्पष्ट भएको ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृया:**

(१) नगरपालिकाले आवश्यक्ता महशुस गरि यस ऐन बमोजिम नगरसभाले स्विकृत गरेको योजना तथा कार्यक्रम कार्यान्वयनका लागि, लागत साझेदार तथा प्राविधिक सहयोगको आवश्यक्ता पहिचान गर्नेछ ।

(२) नगरपालिकाले स्वीकृत परियोजना कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नुपर्नेछ । आशयपत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछः

क) आशय पत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशय पत्र पेश गर्ने अवधि,

ग) आशय पत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशय पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

च) तोकिए बमोजिमका अन्य विवरण ।

CamScanner

(३) **संक्षिप्त सूचीतयार पार्ने:** उप–दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूचीतयार गर्नुपर्नेछ ।

(४) **प्रस्तावनाआह्वान गर्ने:** सूचीमा परेका प्रस्तावक हरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लेखित अवधी भित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(५) प्रस्तावना आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावनाको ढाँचा तोकिए बमोजिम हुनेछ।

(६) **प्रस्तावना छनौट:** नगर पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएका अवधि भित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ।

**६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन:**

(१) लागत साझेदारी कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन, समन्वय, र सहजीकरणका लागी देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | –संयोजक |
| ख) नगर उप-प्रमुख | – सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | –सदस्य |
| घ) कार्यक्रम संचालन हुँने वडाका वडा अध्यक्ष | –सदस्य |
| ङ) साझेदारको प्रतिनिधि २ जना | –सदस्य |
| च) बिषयगत शाखाका प्रमुख | –सदस्य सचिव |

(१) नगरपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि आवश्यक्ता अनुसार उप–समिति तथा कार्यदल र विषय बिज्ञहरूको समिति गठन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप–समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) **अनुदान उपलब्ध गराउन सकिने:** कार्यक्रम कार्यान्वयनको क्रममा नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद –३
## साझेदारी सम्झौता सम्बन्धीव्यवस्था

७. **सम्झौता गर्ने**: (१) नगरपालिकाले दफा ६(१) बमोजिम गठन गरिएका समिति, उप–समिति, कार्यदलको आवश्यक्ता अनुसार गठन गरिएको विषय बिज्ञले दिएको सुझावमा प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकताअनुसार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४
## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

८. **वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी**: (१) साझेदारले कार्य प्रगतिका आधारमा पेश गरेको बिल भौचर बमोजिम मात्र भुक्तानी प्रदान गरिनेछ। कार्यक्रम संचालनमा हुँने प्रशासनिक खर्च तथा साझेदार संस्थाले नियूक्त गरेका कर्मचारीहरूको सेवा सुविधा साझेदार संस्था स्यवंले लागत साझेदारी गरेको रकमबाट भुक्तानीको ब्यवस्था गर्नु पर्नेछ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन बिल भर्पाइ समेतका साथ पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन पेश गर्ने ढाँचा तोकिए बमोजिम हुने र समयावधि सम्झौता बमोजिम हुनेछ।

(४) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ।

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन**: (३) लागत साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नगरपालिकाको अनुगमन समितिबाट गरिने। अनुगमन समितिले आवश्यक्ता महशुस गरेमा विषय बिज्ञहरूको सहयोग लिन सक्नेछ।

## परिच्छेद-५

## विविध

**१०. कर सम्बन्धि दायित्व**: यस ऐन बमोजिमको साझेदारी सम्बन्धि कृयाकलापहरू संचालन गर्दा प्रचलित कानून बमोजिम तिर्नं बुझाउँन पर्ने कर, शुल्क वा दस्तुर नगरपालिका कार्यालय र साझेदारी संस्थाको हुँनेछ।

**११. विवादको समाधान**: (१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नगरपालिका र साझेदार बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गरि सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान हुँन नसकेको खण्डमा सम्झौतामा उल्लेखित शर्तहरूमा उल्लेख भए सोही बमोजिम र सम्झौताका शर्तहरूमा उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम विवादको समाधान गरिने छ।

**१२. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने**: साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुक भित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।

**१३. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने**: यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

**१४. संशोधन तथा हेरफेर**: यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**१५. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने**: यस ऐनको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ।

प्रमाणीकरण मितिः२०८०।१०।१०

२०८०।१०।१०

मोहन प्रसाद तुम्बापो
नगर प्रमुख